बैठक संख्या २/१३९

आज मिति २०७९ माघ ०३ गते बिहिबारका दिन सूर्यविनायक नगरपालिकाको १३९ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | कार्यपालिका सदस्य | |
| १५ | कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १६ | शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १७ | सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | कार्यपालिका सदस्य | |
| १९ | सुमन परियार | कार्यपालिका सदस्य | |
| २० | प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २१ | सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्र नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुख | |
| | सर्वदा पण्डित आमन्त्रित | लेखा अधिकृत | |

**मिति २०७९ माघ ३ गतेको नगर कार्यपालिका (१३९औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:**

१. नगरसभाको १३ औं अधिवेशन सम्बन्धमा ।
२. कर्मचारी व्यवस्थापन सम्बन्धमा
३. योजना, कार्यक्रम र आ.स.वितरण सम्बन्धमा
४. योजना अनुगमन सम्बन्धमा
५. शिक्षक रोष्टर सम्बन्धमा
६. स्वास्थ्य संस्थाको राजस्व नपामा एकीकरण

**छलफल तथा निर्णयहरु**

**निर्णय नं १**

मिति २०७९ साल माघ १८ गते बुधबार शुरु हुने सूर्यविनायक नगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशनमा सबै विषयगत समितिका संयोजकहरुले आ-आफ्नो समितिको तर्फबाट समितिको कार्यक्षेत्रभित्र पर्ने विषयमा चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विषयमा भएको कार्य प्रगति प्रतिवेदन सभामा पेश गर्ने र यसको लागि समितिका संयोजकहरुले आ-आफ्नो समितिका सदस्य र सदस्यसचिवसँग समन्वय गरी सात दिनभित्र प्रतिवेदनको मस्यौदा तयार गरी छलफलको लागि बैठकमा पेश गर्ने।

**निर्णय नं २**

नगरपालिका र अन्तर्गतको कार्यालयमा इञ्जिनियरिङ्ग सेवा अधिकृतस्तरको दरबन्दीमा नेपाल इञ्जिनियरिङ्ग काउन्सिलको सदस्यता प्राप्त गरेका इञ्जिनियरहरु कोही पनि नभएको अवस्थालाई हृदयंगम गरी नगरपालिकामा रिक्त इञ्जिनियरिङ्ग सेवा अधिकृतस्तर सातौं पदमा दुईजना पदपूर्तिको लागि दक्ष र अनुभवी व्यक्तिलाई सरुवा समायोजनको लागि सहमति दिई यथाशीघ्र पदपूर्तिको व्यवस्था मिलाउने ।

**निर्णय नं ३**

सूर्यविनायक नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन कार्यविधि, २०७९ बमोजिम नगरपालिकाभित्र संचालित योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी पूर्व योजना तथा कार्यक्रम अनुगमन समितिबाट अनुगमन गरी समितिको सिफारिसको आधारमा भुक्तानी प्रक्रिया अगाडि बढाउने गरिएकोमा नगरक्षेत्रभित्र संचालित योजना तथा कार्यक्रमको संख्या अधिक रहेको कारण योजना अनुगमन तथा फरफारकको कामलाई चुस्त र छिटो छरितो समेत बनाउन वडाभित्र संचालित पाँच लाख सम्मका पूर्वाधार निर्माण सम्बन्धी योजना र दुईलाख सम्मका स्वरोजगारमूलक, उत्पादनमूलक चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको सम्बन्धित वडाको वडास्तरीय अनुगमन समितिबाट अनुगमन गरी सोको प्रतिवेदन र वडास्तरीय अनुगमन समिति बैठकको निर्णय एवं वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन समितिमा पठाउने र नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन समितिले प्राप्त कागजातको अध्ययन गरी भुक्तानी दिन मनासिब देखिएमा समितिको सिफारिस सहित निर्णय गर्ने र सोही आधारमा नगरपालिकाले योजना तथा कार्यक्रमको भुक्तानी तथा फरफारक गर्ने।

**निर्णय नं ४**

नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुमध्ये दक्ष, कुशल, सक्षम र व्यबस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गरी शिक्षण सिकाई क्रियाकलाप, सिकाई उपलब्धी र विद्यालयको समग्र व्यवस्थापनान सुधार ल्याई सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सिफारिस कार्यविधि, २०७९ बमोजिम प्रतिस्पर्धात्मक माध्यमबाट प्रधानाध्यापक छनौट तथा सिफारिसको लागि प्रधानाध्यापक छनौट तथा सिफारिस समिति गठन गर्न राष्ट्रियस्तरमा ख्यातिप्राप्त शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरुको रोष्टर तयार गर्न तत्काल सार्वजनिक सूचना आव्हान गर्ने।

**निर्णय नं ५**

महालेखा परीक्षकको कार्यालयबाट नगरपालिकाको अन्तिम लेखापरीक्षणको क्रममा दिइएको सुझाव तथा नेपाल सरकारका विभिन्न ओभरसाइट एजेन्सीहरुबाट देखाइएको चासोलाई समेत मनन गरी नगरपालिका मातहत रहेका स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा हुने आम्दानी तथा खर्चलाई बैंकिङ्ग प्रणालीसँग आवद्ध गर्न तुरुन्त प्रक्रिया शुरु गर्ने र यस क्रममा सर्वप्रथम प्राथमिक स्वास्थ्य केन्द्र दधिकोट र ल्याव सेवा संचालनमा रहेका स्वास्थ्य चौकीहरुमा कम्प्युटराइज्ड बिलिङ्ग प्रणाली लागू गरी त्यहाँबाट प्राप्त हुने आम्दानी एनआइसी एशिया बैंकमा छुट्टै खाता खोली उक्त खातामा दैनिक रुपमा जम्मा गर्ने र मासिक रुपमा सोको विवरण नगरपालिकाको आर्थिक प्रशासन उपशाखामा पठाउने व्यवस्था गर्ने।